**JULY 23, 2013**

# Two New Agriculture Initiatives to Reduce Poverty and Hunger across Western Nepal

The Government of Nepal's (GoN) Ministry of Agricultural Development (MOAD), the Ministry of Health and Population (MOHP), the U.S. Agency for International Development (USAID), and the World Bank launched two new food security initiatives in Nepal: the Knowledge-based Integrated Sustainable Agriculture and Nutrition Project (KISAN and the Agriculture and Food Security Project (AFSP). The projects will work in the west, mid-west, and far-west regions of the country.

KISAN is USAID's five-year, $20.4 million, Feed the Future initiative in Nepal. The project will improve food security, increase income, and diversify diets for 160,000 disadvantaged rural households, for about one million rural Nepalis, across 20 districts through integrated agriculture and nutrition activities.

AFSP is a five-year project which will be implemented by the GoN line ministries. The project aims to improve food security situation of 150,000 households of poor and marginal groups by increasing agricultural production, increasing livelihood options and household income, and improving utilization of food.

Chair of the program, Vice Chair of National Planning Commission (NPC), Dr. Rabindra Kumar Shakya mentioned that the recently approved Multi Sector Nutrition Plan and recently prepared Agriculture Development Strategy will guide the future direction of agriculture, food and nutrition security of Nepal. He emphasized the need for increased investment and improved coordination for the optimum development of these sectors.

Also present at the event, Dr. Praveen Mishra, Secretary for Ministry of Health and Population and Mr. Jaya Mukuna Khanal, Secretary for Ministry of Agricultural Development, expressed their commitment to closely coordinate and provide the necessary support for the implementation of these projects.

Speaking at the event, U.S. Ambassador Peter Bodde, remarked "Both projects reflect the U.S. Government's commitment to food security through President Obama's Feed the Future and Global Health Initiatives. Instead of simply delivering food aid, these Initiatives place Nepal and other countries in the lead to promote inclusive agricultural growth and improve the nutrition of women and children. I applaud the Government of Nepal for identifying their priorities and devising their own plans, which both projects will support."

Similarly, Ms. Tahseen Sayed, Country Manager of the World Bank for Nepal, reiterated the need for cooperation between the two ministries for the success of the projects and AFSP's alignment with GoN priorities.

The event was attended by representatives from various GoN line agencies, including the NPC, and development partners, private sector, and media. The two projects are part of larger global initiatives and are unique in that both feature integrated agriculture and nutrition approaches to combat food insecurity and chronic malnutrition.

Project-specific details follow below.

**The Knowledge-based Integrated Sustainable Agriculture and Nutrition (KISAN) Project**
KISAN is funded by the USAID and is part of the Presidential Feed the Future (FTF) Initiative in Nepal. The project seeks to sustainably reduce poverty and hunger in Nepal by achieving inclusive growth in the agriculture sector, increasing income of farm families and improving nutritional status, especially of women and children in over 160,000 households. USAID will implement the project from 2013-2018 with Winrock International in collaboration with five Nepali organizations: Antenna Foundation Nepal; Development Project Service Center (DEPROSC); Center for Environmental and Agricultural Policy, Research, Extension and Development (CEAPRED); Nutrition Promotion and Consultancy Services (NPCS); and Nepal Water for Health (NEWAH). KISAN will impact one million Nepalis in Kapilbastu, Palpa, Agarkhachi, Gulmi, Banke, Bardiya, Surkhet, Dailekh, Jajarkot Dang, Salyan, Rukum, Rolpa, Pyuthan, Baitadi, Kailali, Kanchanpur, Doti, Accham, Dadheldhura.

**The Agriculture and Food Security Project (AFSP).**
This project is funded by the Global Agriculture and Food Security Program (GAFSP). GAFSP is a global program working in 18 countries with $1.3 billion in grant funds provided by nine G20 members and the Gates Foundation. The U.S. is largest single donor to this fund. The program will be implemented by MOAD with support from MOHP, with monitoring and supervision provided by the World Bank. This project aims to improve food security situation of poor and marginal groups of population by increasing agricultural production and productivity, increasing livelihood options and household income, and improving utilization of food. The project has four main components: technology development and adaptation; technology dissemination and adoption; food and nutritional status enhancement and project management. The priority target groups of the project are small and marginal farmers, landless households, indigenous population, and Dalits. The project is to be implemented in 19 hill and mountain districts of the mid- and far-western development regions of Nepal: Darchula, Baitadi, Bajhang, Bajura, Humla, Jumla, Dolpa, Mugu, Kalikot, Surkhet, Dailekh, Jajarkot, Salyan, Rukum, Rolpa, Pyuthan, Accham, Dadheldhura and Doti.

साउन ८, २०७०

## पश्चिम नेपालमा गरिबी र भोकमरी घटाउन दुई नयाँ कृषि कार्यक्रमहरु सुरु

नेपाल सरकारका कृषि विकास र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयहरु; अमेरिकी विकास नियोग (*यूएस्एआडी*) तथा विश्व बैंकले नेपालमा खाद्य सुरक्षासम्बन्धी दुइवटा कार्यक्रमको बारेमा जानकारी गराएको छ। ज्ञानमा आधारित एकीकृत दीगो कृषि तथा पोषण परियोजना (*केआईएस्एन*) र कृषि तथा खाद्य सुरक्षा परियोजना (*एएफ्एसपी*) कार्यक्रमहरु देशका पश्चिम, मध्य पश्चिम तथा सूदूर पश्चिम विकास क्षेत्रमा कार्यान्वयन हुनेछन् ।

*केआईएस्एन यूएस्एआडी*को भावी पुस्तालाई खाना पहलअन्तर्गतको नेपालमा सञ्चालित कार्यक्रम हो, जसको अवधि पाँच वर्षको रहनेछ र त्यसको बजेट २ करोड ४ लाख अमेरिकी डलर छ । *केआईएस्एन*ले एकीकृत कृषि तथा पोषण गतिविधिहरुमार्फत २० जिल्लाका १ लाख ६० हजार घरपरिवारका करीब १० लाख व्यक्तिहरुको खाद्य सुरक्षा तथा आयमा वृद्धि गर्नुको साथै उनीहरुले खाने खानाको प्रकारमा विस्तार गर्नेछ ।

*एएफ्एसपी* पनि पाँच वर्षको समयावधि भएको परियोजना हो जुन नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरुमार्फत कार्यान्वयन हुनेछ । यस परियोजनाले गरीब तथा सीमान्तकृत समूहका १ लाख पचास हजार घरपरिवारको खाद्य सुरक्षा अवस्थामा सुधार गर्ने लक्ष्य लिएको छ । सो लक्ष्य हासिल गर्न कृषिको उत्पादनमा वृद्धि गर्ने, जिवनयापनका साधन तथा घरको आम्दानीमा वृद्धि गर्ने र अन्नको सदुपयोगमा बढोत्तरी गर्नेमा जोड दिइनेछ ।

परियोजना शुभारम्भ कार्यक्रमका अध्यक्ष तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, डा रवीन्द्र कुमार शाक्यले हालसालै आयोगले स्वीकृत गरेको बहु क्षेत्र पोषण योजना तथा हालसालै तयार गरिएको कृषि विकास रणनीतिले नेपालमा कृषि, खाद्य तथा पोषण सुरक्षाको भावी बाटो तय गर्नेछ भन्नुभयो । उहाँले यी क्षेत्रहरुको उचित विकासको लागि बढ्दो लगानी तथा सुधारिएको संयोजनमा जोड दिनुभयो ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, डा प्रवीण मिश्र तथा कृषि विकास मन्त्रालयका सचिव, जय मुकुन्द खनाल पनि उपस्थित हुनुहुन्थ्यो । उहाँहरु दुवैले यी परियोजनाहरु कार्यान्वयन गर्न दुवै मन्त्रालयबीच नजिकको सम्न्वय कायम राखी आवश्यक सहयोग पुर्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो समारोहमा बोल्दै अमेरिकी राजदूत पीटर बोड्डेले भन्नुभयो, ‘यी दुवै परियोजनाले राष्ट्रपति ओबामाको भावी पुस्तालाई खाना तथा विश्व स्वास्थ्य पहलमार्फत अमेरिकी सरकारको खाद्य सुरक्षाप्रतिको प्रतिबद्धता जनाउँदछ । केवल खाद्य अनुदान मात्र प्रदान गर्नुको साँटो यी पहलहरुले नेपाल तथा अन्य लक्षित देशहरुलाई समावेशी कृषि वृद्धि र महिला तथा बालबालिकाको पोषणलाई प्रबर्द्धन गर्न नेतृत्वदायी भूमिकामा राख्दछ । म नेपाल सरकारलाई आफैंले यी प्राथमिकताहरुको पहिचान गरी योजना बनाएकोमा धन्यवाद ज्ञापन गर्दछु र आज शुभारम्भ भएका दुई परियोजनाहरुले नेपाल सरकारको सो योजनालाई सहयोग पुर्याउँदछ । ’

त्यस्तै नेपालको लागि विश्व बैंककी कन्ट्री म्यानेजर, तहसिन सइदले यी परियोजनाहरुको सफलताको लागि सम्बन्धित दुई मन्त्रालयबीचको सहकार्यको आवश्यकतामा जोड दिंदै नेपाल सरकार तथा *एएफ्एसपी*को लक्ष्यहरुमा तालमेल मिलेको बताउनुभयो ।

यस कार्यक्रममा राष्ट्रिय योजना आयोगलगायतका नेपाल सरकारका तल्लो तहसम्म सञ्जाल भएका विभिन्न निकायहरुका प्रतिनिधि, विकास साझेदारहरु, निजी तथा सञ्चार क्षेत्रका प्रतिनिधिहरु उपस्थित थिए । यी दुवै परियोजनाहरु खाद्य असुरक्षाको विरुद्ध लड्न कृषि तथा पोषणलाई एकीकृतरुपमा हेर्ने विश्वव्यापी तरिकाका एक भाग हुन् ।

कार्यक्रम सम्बन्धित थप जानकारीहरु तल दिइएको छ ।

**ज्ञानमा आधारित एकीकृत दीगो कृषि तथा पोषण परियोजना (*केआईएस्एन*)**

*केआईएस्एन यूएस्एआडी*को आर्थिक सहयोगमा सञ्चालित तथा राष्ट्रपतीय भावी पुस्तालाई खाना पहल अन्तर्गतको कार्यक्रम हो । यस परियोजनाले नेपालमा गरिबी तथा भोकमरीलाई उल्लेख्य रुपमा घटाउने लक्ष्य लिएको छ । सो हासिल गर्न यसले कृषि क्षेत्रमा समावेशी वृद्धि हासिल गर्ने, कृषक परिवारको आयमा वृद्धि गर्ने तथा १ लाख ६० हजार घरपरिवारका विशेषगरी महिला तथा बालबालिकाको पोषणको स्थितिमा सुधार ल्याउनेछ । *यूएस्एआडी*ले *विनरक इन्टरनेशनल* तथा अन्य पाँच नेपाली संस्थाहरुको सहकार्यमा यस कार्यक्रमलाई २०१३ देखि २०१८ सम्ममा कार्यान्वयन गर्नेछ । ती पाँच नेपाली संस्थाहरु *एन्टेना फाउन्डेसन* नेपाल, विकास परियोजना सेवा केन्द्र (*डिप्रोक्स*), वातावरणीय तथा कृषि नीति, अनुसन्धान, विस्तार तथा विकास केन्द्र (*सीईएपीआरईडी*), पोषण प्रबर्द्धन तथा परामर्श सेवा (*एनपीसीएस्*) तथा नेपाल स्वास्थ्यको लागि पानी (*नेवा*) हुन् । *केआईएस्एन*बाट कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, दाङ, सल्यान, रुकुम, रोल्पा, प्यूठान, बैतडी, कैलाली, कञ्चनपुर, डोटी, अछाम, डडेलधुरा जिल्लाका १० लाख व्यक्तिहरु लाभान्वित हुनेछन् ।

**कृषि तथा खाद्य सुरक्षा परियोजना (*एएफ्एसपी*)**

यस परियोजना विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम (*जीएएफ्एसपी*) को आर्थिक सहयोगमा सञ्चालन हुँदैछ । *जीएएफ्एसपी* एक अर्ब तीस करोड अमेरिकी डलर कोष भएको कार्यक्रम हो जुन विश्वका १८ देशहरुमा सञ्चालन भैरहेको छ । यसमा अनुदान दिनेहरुमा गेट्स प्रतिष्ठान तथा विकसित तथा विकाससील राष्ट्रहरुको समूह, *जी* २० का नौं देशहरु छन् जसमा अमेरिका सबभन्दा ठूलो एकल दाता हो । कृषि विकास मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा कार्यान्वयन गर्ने यस कार्यक्रमको सुपरिवेक्षण तथा निरीक्षण चाहिं विश्व बैंकले गर्नेछ । यस परियोजनाले गरीब तथा सीमान्तकृत समूहरुको खाद्य सुरक्षाको अवस्थामा सुधार गर्ने लक्ष्य लिएको छ । सो लक्ष्य हासिल गर्न कृषि उत्पादनमा वृद्धि गर्ने, जीवनयापनका साधन तथा घरको आम्दानीमा वृद्धि गर्ने र अन्नको सदुपयोगमा बढोत्तरी गर्नेमा जोड दिनेछ । प्रविधिको विकास तथा अनुकूलता; प्रविधिको प्रसार तथा ग्रहण; खाद्य तथा पोषण अवस्थामा बढोत्तरी र परियोजना व्यवस्थापन गरी यसका चार पक्षहरु हुनेछन् । यस परियोजना मध्य तथा सूदूर पश्चिमका १९ जिल्लाहरु; दार्चुला, बझाङ, बाजुरा, हुम्ला, जुम्ला, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, सल्यान, रुकुम, रोल्पा, प्यूठान, बैतडी, मुगु, कालिकोट, डोटी, अछाम, डडेलधुरा; मा लागु गरिनेछ ।